म.जि. प्र. का. द.नं. : १०६/०६८, | वर्ष १३, | अंक ३२१ | सोमबार १७ असार २०८१ | ने. सं. ११४४ तछलागा | 1 July 2024 | www.sajhakuranews.com | पृष्ठ संख्या ४ | मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## ईन्द्रसरोवर मोटरसाइकल दुर्घटनमा ३ जना घाइते

हेटौंडा, १६ असार/मकवानपुरको इन्द्रसरोबर गाउँपालिका-३ सिस्नेरीमा शनिबार मोटरसाइकल दुर्घटना हुँदा तीनजना घाइते भएका छन् । घाइते हुनेमा मोटरसाइकल चालक मुगु घर भएको वर्ष २० को हस्त विसि, पछाडि सवार काभ्रे रोशी गाउँपालिका-२ वस्ने वर्ष १६ को शक्ति तामाङ र मुगु घर भएका वर्ष १८ को देवीकृष्ण बिक रहेका छन् ।

भीमफेदी-कुलेखानी सडकखण्डमा काठमाडौंबाट हेटौंडातर्फ आउँदै गरेको बा.प्र.०२-००४ प.१०७८ नम्बरको मोटरसाइकल आफैं अनियन्त्रित भएर दुर्घटना हुँदा उनीहरुले घाइते भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ । घाइते ३ जनाको ट्रमा सेन्टर काठमाडौंमा उपचार भइरहेको प्रहरीले जनाएको छ ।

# अभिमुखीकरणपछि स्क्र्यावल खेलप्रति बालबालिकाको उत्साह

साझाकुरा संवाददाता

हेटौंडा, १६ असार/ मनहरी-४ मसिनेस्थित पशुपतिनाथ माविका रीतिक बिष्ट र सिम्रन बिष्टलाई स्क्र्यावल गेमका बारेमा ककुनै जानकारी थिएन । हेटौंडा-२ स्थित बालजागृति इंग्लिस सेकेन्डरी स्कुलको आयोजनामा शनिबार हेटौंडामा भएको स्क्र्यावल अभिमुखीकरण कार्यक्रमले उनीहरुलाई स्क्र्यावल खेलबाट पढाइमा सुधार हुने रहेछ भन्ने थाहा भयो ।

रीतिक र सिम्रनले आईतबार विद्यालयमा साथीहरुलाई स्क्र्यावल खेल्न सिकाएका छन् । 'खेल्दाखेल्दै अंग्रेजी शब्दको ज्ञान बढ्ने रहेछ' सिम्रनले भनिन् । बालजागृतिले शनिबार उनीहरुलाई स्क्र्यावल बोड दिएर पठाएको थियो । 'केही नियमहरुका बारेमा हामी अलि अलमलमा छौं' सिक्ने क्रममा भएकाले केही अलमल भएको हो' रीतिकले भने । पशुपतिनाथ माविकी अंग्रेजी शिक्षक ज्योति थापाले उनीहरुलाई स्क्र्यावल खेल्न सहजीकरण गरिरहेकी छिन् ।

विद्यालयमा खाली कक्षामा यस्तै खेलको अभ्यास गराउन सक्दा पनि बालबालिकाले सिक्ने अवसर पाउने शिक्षक थापाले बताइन् । आफूलाई थाहा नभएको नियमका बारेमा गुगल सर्च गरेर पनि विद्यार्थीलाई जानकारी दिइरहेको शिक्षक थापाले बताइन् । विद्यालयमा शिक्षकलाई पनि स्क्र्यावल खेलका बारेमा जानकारी गराउने र खेल खेलाउनु पर्ने थापाको भनाइ छ । पहिला शिक्षकले सिकेपछि विद्यार्थीलाई सिकाउन सहज हुने उनले बताइन् ।



पशुपतिनाथ माविका सिम्रन र रीतिक जस्तै २५० भन्दा बढी विद्यार्थीले स्क्र्यावलका अभिमुखीकरणमा सहभागी हुने अवसर पाएका थिए । स्क्र्यावल (एक प्रकारको कोठेपद) खेलसम्बन्धी एक दिवसीय अभिमुखीकरण कार्यक्रममा बालजागृति स्कुलले सामुदायिक विद्यालयलाई पनि सहभागी गराएर उनीहरुलाई अवसर दिएको थियो । बालजागृति विद्यालय सञ्चालक समितिका अध्यक्ष दिनेश भण्डारीको सभाध्यक्षमा तथा बागमती प्रदेशकी सामाजिक विकास मन्त्री कुमारी मोक्तानको प्रमुख आतिथ्यमा अभिमुखीकरण कार्यक्रमको उद्घाटन भएको थियो ।

खेलको माध्यमबाट विशेषगरी शब्दको ज्ञान बढाउन सकिने भएकोले स्क्र्यावल खेलको विकास र विस्तारमा बालजागृति स्कुलले संस्थागत तथा सामुदायिक विद्यालयलाई सहभागी गराएर अभिमुखीकरण गरेको हो । स्क्र्यावलसम्बन्धी अभिमुखीकरणको अवसरमा बालजागृतिले नेपालमा स्क्र्यावल खेलका संस्थापक केशवप्रसाद पराजुली, राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा स्क्र्यावल खेलमा सहभागी भएको, विजयी भएको खेलाडी कास्कीका सक्षम कार्की, अच्युत लामिछाने, बाराका नीरञ्जन साह, पूर्वीनवलपरासीका रिसव भण्डारी, चितवनका अर्नव पाण्डे र नीराजन पौडेल र मकवानपुरका प्रसिद्ध तिमिल्सनालाई सम्मान गरेको थियो ।

कार्यक्रममा सामाजिक विकास मन्त्री मोक्तानले विद्यार्थीको क्षमता अभिवृद्धि गर्न र चेतनामा लगानीको क्षेत्रको मनोबल बढाउन स्क्र्यावल खेलले महत्वपूर्ण भूमिका निर्वाह गर्ने बताइन् । स्क्र्यावल जस्तो खेलमा राज्यले लगानी गरेर यसलाई निरन्तरता दिनुपर्ने मन्त्री मोक्तानको धारणा थियो । स्क्र्यावल खेलमा बालाबालिकाको रुचि कम देखिएकोले यसलाई अगाडि बढाउन अभिमुखीकरण गरेर बालजागृतिले सह्राहनीय काम गरेको मन्त्री मोक्तानले बताइन् ।

कार्यक्रममा बालजागृति इंग्लिस सेकेण्डरी स्कूलबाट एसईईमा ४ जीपिए ल्याउन सफल रीतिका छुत्कुलीलाई सम्मान गरिएको थियो । विद्यालयका प्रिन्सीपल विनोद सुवेदीले छुत्कुलीलाई सम्मानस्वरुप २५ हजार रुपैयाँ प्रदान गर्ने घोषणा गरे । स्क्र्यावलसम्बन्धी अभिमुखीकरणमा हेटौंडा उपमहानगरपालिका, मनहरी र बकैया गाउँपालिकाका ५६ वटा विद्यालयका २ सय ५० भन्दा बढी विद्यार्थी सहभागी थिए । विद्यार्थीलाई बालजागृतिको बसले लाने ल्याउने काम पनि गरेको थियो ।

विद्यार्थीलाई बाहिरी ज्ञानको विकास गर्न, बौद्धिक क्षमताका विकास गर्नका लागि आयोजना गरेको कार्यक्रममा कक्षा ४ देखि १० सम्मका विद्यार्थीको सहभागिता रहेको विद्यालयले जनाएको छ । कार्यक्रममा स्क्र्यावल क्लब मकवानपुरका संयोजक बिबशजंग थापा, स्क्र्यावल क्लब नेपालका संस्थापक अध्यक्ष पराजुली, कोषाध्यक्ष पूर्ण थापा, तालिम संयोजक भोजराज सुवेदी, प्राविधिक संयोजक अर्जुन पाण्डेले स्क्र्यावल खेलसम्बन्धी अभिमुखीकरण गराएका थिए ।

अभिमुखीकरण कार्यक्रममा राष्ट्रिय परीक्षा बोर्ड हेटौंडाका प्रमुख कृष्णप्रसाद घिमिरे, प्याब्सन मकवानपुरका पूर्वअध्यक्ष मदकुमार दाहाल, पत्रकार प्रता बिष्टलगायतले बालबालिकाको रुचिअनुसारको खेल र अध्ययनलाई जोड्ने काम बालजागृति स्कुलले गरेको भन्दै धन्यवाद दिएका थिए । स्क्र्यावल अभिमुखीकरणमा सहभागी भएका सबै विद्यालयलाई बालजागृतिले स्क्र्यावल बोर्ड निःशुल्क प्रदान गरेको थियो । सहभागी विद्यालयलाई मायाको चिनो पनि प्रदान गरिएको थियो ।

# एसईईमा उत्कृष्ठ नतीजा ल्याउने बालजागृतिको र्‍याली



साझाकुरा संवाददाता

हेटौंडा, १६ असार/ विद्यालय शिक्षा परीक्षा (एसईई) मा आफ्नो विद्यार्थीले उत्कृष्ट नतीजा ल्याएको खुशियालीमा हेटौंडा-२ स्थित बालजागृति इंग्लिस सेकेण्डरी स्कूलले आइतबार हेटौंडामा पञ्चेबाजा सहितको र्‍याली निकालेको छ ।

बालजागृति स्कूलबाट एसईईमा सहभागी भई रीतिका छुत्कुलीले जीपीए ४ हासिल गरेको खुशियालीमा विद्यालय परिवारले र्‍याली निकालेको हो । मकवानपुर बाट एसईईमा जीपीए ४ ल्याउने रीतिका एक्ली छात्रा हुन् । देशभरका एक सय ८४ जनाभित्र पर्न सफल रीतिका पनि र्‍यालीमा सहभागी भएकी थिइन् । उत्कृष्ट नतीजा हासिल गरेको भन्दै विद्यालयले रीतिकालाई नगद २५ हजार रुपैयाँसहित सम्मान गरेको छ ।

यस्तै भाइस-प्रिन्सीपल एवम् अंग्रेजी विषय शिक्षक अमुल श्रेष्ठ र नेपाली विषय शिक्षक निर्मल घिमिरेले रीतिकालाई १०/१० हजार रुपैयाँ नगद दिएका छन् । रीतिकासँगै एसईईमा सफल सबै विद्यार्थी र उनीहरुका अभिभावकलाई पनि सम्मान गरेर विद्यालयले खुशियाली र्‍याली निकालेको हो । बालजागृति स्कूलबाट २०८० सालको एसईईमा ७७ जना सहभागी भएकोमा ७६ जना कक्षा ११ मा भर्ना हुन योग्य भएका छन् ।

विद्यालय परिसरबाट सुरु भएको खुसियाली र्‍याली नाचगान सहित संगमचोक, कान्तिराजपथ, पारिजातपथ, स्कूलरोड, सीमाचोक, मेनरोड, बुद्धचोक, नगरपालिकारोड हुँदै पुन: विद्यालयमै पुगेर समापन गरिएको थियो ।

र्‍यालीमा विद्यालयका सञ्चालक, शिक्षक, विद्यार्थी, अभिभावक, वडाका जनप्रतिनिधि सहित सहभागी थिए ।

# राक्सिराङका ७० जनाको मोतिबिन्दुको नि:शुल्क शल्यक्रिया

साझाकुरा संवाददाता

हेटौंडा, १६ असार/ मकवानपुरको विकट राक्सिराङ गाउँपालिकामा मोतियाबिन्दु लागेका ७० जनाको नि:शुल्क शल्यक्रिया गरिएको छ । गाउँपालिकाको विभिन्न वडामा भएको आँखा शिविरबाट मोतियाबिन्दु लागेका बिरामीको नि:शुल्क आँखाको शल्यक्रिया गरिएको हो ।

चैनपुरस्थित प्रजा जागृति माध्यमिक विद्यालय परिसरमा आइतबार भएको एक कार्यक्रमबीच गाउँपालिका अध्यक्ष राजकुमार मल्लले मोतिबिन्दु बिरामी ९५ वर्षीया मन्जुरीमाया प्रजालाई लेन्स हस्तान्तरण गरेपछि शल्यक्रिया कार्यको सुरुवात गरिएको थियो । शिविरमा ५ सय ७८ जनाको आँखाको परीक्षण गरिएको थियो भने ८५ जनाको मोतियाबिन्दु फेला परेको थियो । सम्पर्कमा आएको ७० जनाको शल्यक्रिया भएको हेटौंडा सामुदायिक आँखा अस्पतालका कार्यक्रम संयोजक डा.सुशीलकुमार सिंहले जानकारी दिए ।

हेटौंडा आँखा अस्पतालका ११ जना विशेषज्ञ चिकित्सकको सहभागितामा मोतिबिन्दुको शल्यक्रिया गरिएको कार्यक्रम संयोजक डा. सिंहले बताए । बागमती प्रदेश स्वास्थ्य निर्देशनालयको आयोजनामा हेटौडा सामुदायिक आँखा अस्पतालको प्राविधिक सहयोग र राक्सिराङ



गाउँपालिकाको व्यवस्थापनमा नि:शुल्क आँखा शिविर गत असार १२ देखि १५ गतेसम्म सञ्चालन भएको गाउँपालिका अध्यक्ष मल्लले बताए । बागमती प्रदेश स्वास्थ्य निर्देशनालयका वरिष्ठ जनस्वास्थ्य प्रशासक सतिश विष्ट, स्वास्थ्य मन्त्रालयका महाशाखा प्रमुख डा. खगेश्वर गेलाल, डा. नवीन दर्नाल, राक्सिराङ आधारभूत अस्पतालका डाक्टर मेगनेहर श्रेष्ठ, हेटौंडा सामुदायिक आँखा अस्पतालका डा. सिंहलगायतको उपस्थिति रहेको थियो ।

ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्धारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

हाम्रा विशेषताहरू:
- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।




सम्पर्क कार्यालय:
सितलमहल चोकबाट ॐ हल जाने बाटोमा

प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल
के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र
हेटौंडा-५, पिप्ले, मकवानपुर
सम्पर्क: ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५९२७०५७

हेटौंडा स्कूल अफ म्यानेजमेन्ट-२०५२
HETAUDA SCHOOL OF MANAGEMENT-1995

ADMISSIONS OPEN
FOR GRADE 11
- Science
- Management
- Hotel Management
- Beautician and Hairdressing
- Computer Science

For inquiry:
9855074222



HETAUDA SCHOOL OF MANAGEMENT
Hetauda-4, Makawanpur
info@hsm.edu.np
www.hsm.edu.np

"कडा अनुशासन, स्तरीय शिक्षा"
DELIVERING TOP-NOTCH EDUCATION SINCE 1995

साझाकुरा

हाम्रो कुरा

# चुहिने छाप्रोमा प्रजा दम्पती

मकवानपुरको पश्चिीक्षेत्र मनहरी गाउँपालिका-४, मसिनेखोलाका प्रजादम्पती चुहिने छाप्रोमा बस्दै आएका छन् । यो वडाको बिकट बस्ती मानिने मुलखोला, ज्यामिरे, लाम्पाखा, चुवारपाखा, अजिङ्गरे, सालघारी लगायतका चेपाङ, तामाङ बस्तीमा यस्ता समस्या घरैपिच्छे देखिन्छ । खरले छाएको छाप्रोको देब्रे भाग हवाङ्गै छ । छर्लङ्ग आकाश देखिने छानामुनी रात कटाउन विवश छन्, सन्तबहादुर प्रजा र सीता प्रजा । घर भन्दा मुनी भूकम्पको घर ठेकेदारले अलपत्र पारेर बेपत्ता भएपछि उनीहरुको बिचल्ली भएको छ । स्थानीय ठेकेदारले घर बनाइदिने जिम्मा लिएर पूरा नगरी बेपत्ता भएको मनहरी-४ का वडाअध्यक्ष प्रकाश थापाले जानकारी दिए । भूकम्पको दुई कोठे घर अलपत्र छ । ब्लकको घरमा छाना लगाउन जस्ता ल्याएर राखेको अवस्थामा ठेकेदार फर्किएर नगएको वडाध्यक्ष थापाले बताए । वडाध्यक्ष थापाले ठेकेदारलाई एक महिनाको समय दिएर घर बनाइदिन निर्देशन दिएका छन् ।

घर वरपर मात्रै हिँड्डुल गर्न सक्ने अवस्थाका सन्तबहादुरको उमेर ८१ वर्ष भयो । श्रीमती सीताको भने उमेर भने उनैलाई पनि थाहा छैन । 'कति वर्ष हुनुभयो, आँखा देख्नु हुन्छ ?,' सीतालाई प्रश्न गर्दा उनले उमेर त थाहा नभएको बताएकी छन् । नागरिकता नै बनेको छैन । सीतालाई उमेर मात्र हैन आफ्नो विवाह भएको यकिन वर्षसमेत स्मरणमा छैन । सन्तबहादुर दुवै कान सुन्दैनन् । इशाराले कुरा गर्छन् भने सोधेको जवाफ फर्काउँछन् । सीता भने विस्तारै जवाफ फर्काउन सक्छिन् । घरको जिम्मेवारी सबै सीताको काँधमा छ । घर अगाडिको सानो छाप्रोमा एउटा पाडी पालेका छन् । घरसँगै जोडिएको ५ कठ्ठा जग्गामा लगाएको मकैले वर्षभरि गुजारा टार्ने गरेको उनीहरुले सुनाए । बेसाएर खानुपर्छ । संधै खान कहाँ पुग्छ र उनीहरुलाई । प्रजा दम्पतीको छाप्रोभित्र दुई-तीनवटा बोराको पोकामा कपडा, गुन्द्री मात्रै थिए । भ्वाङ परेको खरको छानाबाट पानी चुहिने भएपछि कपडालगायतका पानीले भिज्ने वस्तु सीताले बोराभित्र हालेको छिन् । भान्सामा नुन, तेल, बेसारदेखि भाँडाकुँडा पनि पर्याप्त छैनन् । भात र तरकारी पकाउने एउटै कराई, ढिँडो र पिठो पकाउने अर्को कराई र केही कचौरामा उनीहरुको भान्सा चलेको छ । सन्तबहादुरको सामाजिक सुरक्षा भत्ताले पिठो किनेर खाइरहेका छन् । सन्तबहादुरले पनि भत्ता बुझ्न थालेको ३ वर्ष मात्र भयो । सीताले भने नागरिकता नबनेकै कारण भत्ता पाएकी छैनन् ।

उनको जन्मदर्ता पनि नभएकाले नागरिकता बनाउन कठिनाई भएको वडाध्यक्ष थापाले बताए । वडाअध्यक्षकै कुरा मान्ने हो भने २०३५ साल पछि जन्मेका नागरिकको मात्र जन्मदर्ता गरिन्छ । २०३४ सालमा ब्यक्तिगत घटना दर्ता ऐन आएपछि मात्र जन्मदार्ता गर्न सुरु गरिएको हो । ७० वर्ष कटिसकेका जेष्ठ नागरिकको कहाँबाट जम्मदर्ता हुनु ? वडा कार्यालय र प्रजा दम्पतीको घर करिब १ किलोमिटरको दुरीमा छ । सीताको नागरिकता बनाएर सामाजिक सुरक्षा कार्यक्रममा तत्काल समावेश गराउने प्रतिबद्धता भने वडाले जनाएको छ । चेपाङ समुदायमा अहिले पनि बिरामी भएपछि पहिला अस्पताल नलगी झारफुकमै विश्वास गर्ने गर्छन् । चेपाङ र दलित समुदायका बालबालिका कक्षा ९ र १० मा अध्ययन गर्ने सबैलाई विद्यालय खुलेको दिनको ८० प्रतिशत हाजिरी भएको अवस्थामा दैनिक १ किलो चामल दिने वडा कार्यालयले घोषणा गरेको छ । दैनिक १ किलो चामलकै लागि भएपनि चेपाङ बालबालिकाले नियमित विद्यालय आउने अपेक्षा वडाको रहेको वडाअध्यक्ष थापाले बताएका छन् ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९१३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ असार १८ गते मंगलबार २ जुलाई २०२४ । एकादशी, आषाढ कृष्णपक्ष । तछलागा ११४४ ने.सं. । सूर्योदय ५:१४, सूर्यास्त ७:०२ । विश्व खेलकुद पत्रकार दिवस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : जीवनसाथीसँग मतभेद हुनसक्नेछ | **तुला** | : रोकिएका काम सम्पादन हुनेछन् |
| **वृष** | : आध्यात्मिक चेतना प्राप्त हुनेछ | **वृश्चिक** | : पठन-पाठनमा प्रगति हुनेछ |
| **मिथुन** | : शुभ समाचार मिल्नेछ | **धनु** | : सभा-समारोहमा अवसर मिल्नेछ |
| **कर्कट** | : व्यापार लाभप्रद रहनेछ | **मकर** | : आत्मविश्वासमा कमी आउनेछ |
| **सिंह** | : सन्तानको चिन्ता बढ्नेछ | **कुम्भ** | : व्यापारमा हानि हुन सक्नेछ |
| **कन्या** | : सम्पत्तिसम्बन्धी विवाद हुनेछ | **मीन** | : समाजमा सराहना हुनेछ |

# जब ठूला नेताहरू सदनमा उपस्थित हुँदैनन्, कसरी हुन्छ त संसद् प्रभावकारी ?



✍ हृदयेश त्रिपाठी

लोकतान्त्रिक यात्राका क्रममा संसदीय इतिहासमा हामीले धेरै आरोहअवरोह तथा उतार चढाव अनि संकटहरू छिचोलेका छौँ । संसदीय व्यवस्था त्यत्तिकै आएको होइन, यसनिम्ति लडाइँ लड्नुपरेको इतिहास छ । संसद् भनेको लोकतन्त्रको आत्मा हो । लोकतन्त्रलाई जीवन्त पार्न संसद् चाहिएको हो । त्यसो त संसदीय लोकतान्त्रिक अभ्यासलाई कुठाराघात गराउने काम वि.सं. २०१७ साल पुस १ मै भयो, राजा महेन्द्रबाट । उनले पहिलो निर्वाचित संसदीय व्यवस्थामा हठात् 'कू' गरी निरंकुशतन्त्रको यात्रा अघि बढाए ।

यहाँ मैले जोड्न खोजेको, नेपालमा लोकतन्त्रको अभावमा लामो समयसम्म निरंकुशताको अभ्यासपश्चात् हाम्रा अग्रजहरूले नेपालको विविधतालाई स्थापित गर्न यो निष्कर्षमा पुगे कि नेपालका लागि संसदीय प्रणाली नै उपयुक्त हो । उनीहरू २०१६ मा संसदीय व्यवस्था बलियो बनाउन खोज्दै थिए । त्यो दृश्य राजा महेन्द्रलाई मन परेन । तिनै राजा-महाराजालाई राणाहरूले खोपीमा बन्धकको जीवन जिउन बाध्य पारेका थिए । राजा कैदीजस्तो शक्तिहीन जीवन जिउँदै थिए । राजनीतिक दलले नै क्रान्ति गरी राणा पिँजडाका राजालाई उद्धार गरेका हुन् । अर्थात्, बन्धक राजतन्त्रलाई मुक्त बनाउन पनि नेपालमा राजनीतिक दलको आवश्यकता परेको थियो । राजनीतिक दल ००७ सालको क्रान्तिपछिकै उपज हो, संसदीय व्यवस्था । तत्कालीन राजा र जनताबीचको सहमति के थियो भने संसदीय व्यवस्था नेपालको लागि उपयुक्त व्यवस्था हो ।

तर, २०१७ साल पुस १ मा पहिलो निर्वाचित संसद् विघटन गरेपछि त्यहाँ लोकतान्त्रिक यात्रालाई थला पारियो । मुलुक तीन दशकसम्म निरंकुश शासनको चपेटामा पर्‍यो । फेरि क्रान्ति गरी संसदीय व्यवस्था पुनर्स्थापना भएको हो । जहानियाँ राणाशासन र पञ्चायती कालरात्रिका इतिहास भोग्नेहरूले मात्र संसदीय व्यवस्थाको मर्म बुझ्नेछन् ।

संसद्माथि दरबारको मात्र प्रहार भएको छैन, संसदीय दलका नेताहरूले पनि पटकपटक प्रहार गरेका छन् । पटकपटक संसद् विघटन गराउनु आफैँमा प्रहारको एउटा विषय हो । अर्को कुरा, नेपालमा संसदीय व्यवस्था र प्रणालीलाई खिल्ली उडाउने र उपहास गर्ने काम पनि निरन्तर छ । केही दलकै इतिहास हेर्ने हो भने पनि सुरुमा संसद्लाई रणनीतिको रूपमा मात्र 'उपयोग गर्ने' पछि हार खाएपछि 'स्वीकार गर्ने' परिपाटी निकै देखियो । यो सबैले गर्दा संसद्को प्रभावकारिता र प्रभावहीनता निर्धारण गर्छ ।

प्रजातन्त्र पुनर्स्थापछिको संसदीयकालमा तीनवटा निर्वाचनसम्म कायम रह्यो । संसद् विघटनको सिकार भयो, पटकपटक । मैले जोड्न खोजेको लोकतन्त्रको आत्मामाथि जति प्रहार गरिन्छ, त्यो संसद्को प्रभावकारितामाथिको प्रहार हो । मेरो अनुभव के हो भने सबैभन्दा बढी प्रभावकारी संसद् २०४८ देखि ०५१ सम्म हो । तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले नेपाली कांग्रेसको आन्तरिक विग्रह व्यवस्थापन गर्न नसक्दा विघटन गर्नुभयो । त्यहींबाट संसदीय प्रणालीले कष्टकर यात्रा सुरु गर्न बाध्य भयो । २०५१ को निर्वाचनपछि त्रिशंकु संसद् बन्यो । अनेकखाले गठबन्धन बने, जसले व्यवस्था नै बदनाम हुन पुग्यो । दरबारले फेरि निरंकुशतन्त्र चलायो । हामीले त्यसको प्रतिफल भोग्यौं ।

संसद्को प्रभावकारिताको सबैभन्दा महत्वपूर्ण पक्ष सभामुखको भूमिका हो । दोस्रो संसद्लाई सरकार उत्पादन गर्ने थलोका रूपमा लिइयो प्रभावकारी हुन दिँदैन । कुनै पनि सरकारले संसद्लाई धेरै प्रभावकारी हुन दिन चाहँदैन । किनभने, जनताको तर्फबाट निगरानी गर्ने र सरकारको जवाफदेहिताको माग गर्ने थलो संसद् हो । संसद्को पूर्ण सदनले काम गर्न विभिन्न समितिहरू निर्माण गरिएको हुनछ । समितिको प्रभावकारिताबाटै अन्तत्वगोत्व संसद्को प्रभावकारिता बढ्न पुग्छ ।

संसद्को प्रभावकारिता क्रमश: ओरालो लाग्दै आइरहेको छ । तथापि, जानेर वा अन्जानमा सांसदहरूको मानमर्दन काम पनि एक किसिमले चलिराखेकै छ । आफैं निर्वाचनमा जान्छन्, अनि निर्वाचित भएकै दिनबाट सराप्न थाल्छन् । प्रश्न के हो, तबसम्म संस्था बलियो हुन सक्दैन, जबसम्म त्यसका पात्रहरू बलियो हुँदैनन् अथवा प्रभावकारी हुँदैनन् । सांसद र संसद्को हुर्मत लिने अनि संसदीय व्यवस्था बलियो बनाउँदै छु भनेर हुन्छ र ? यो अन्तरविरोधी विषय भएन र ? आजभोलि अलि बढी यस्ता दृश्य बढेका छन् । संविधानसभाको पहिलो निर्वाचनबाटै समावेशीको नाममा विभिन्न उद्योगपति-व्यापारीहरूले प्रवेश पाउन र अझ गराउने होडबाजी नै चल्यो । त्यसले पनि समाजमा संसदीय गरिमालाई अप्ठ्यारोमा पारेकै छ । संसद्मा पुगेकाहरू कोही कायम र हेनन्, कोही आ-आफ्ना पेसामा फर्किए । प्रणालीका लागि उनीहरूले खासै केही गरेनन् । यता, नयाँ दल र सांसदहरू प्रवेश छन्, तिनीहरूको संसद् र संविधानप्रतिको प्रतिबद्धता के छ ? त्यो विचार विश्लेषण गर्ने हो भने त्योचाहिँ संसद्लाई प्रभावहीन बनाउन भूमिका बढी देखिएको छ ।

जबसम्म ठूला नेताहरू संसद्मा उपस्थित हुँदैनन्, तब संसद् प्रभावकारी ढंगले काम गर्न सक्दैन । संसद्मा नआउनु नै नेताहरूले महान ठान्नु रहेछ । यो अहम् भावनाले संसद् प्रभावकारी हुन सक्दैन । अन्ततोगत्वा व्यवस्था नै कमजोर हुने अवस्था रहन्छ । नेतृत्व तहले संसद्को गरिमा बढाउन आफैं उपस्थित हुँदै सर कारले काम दिने र प्राइभेट बिलहरू पनि दर्ता गराएर संसद् प्रभावकारी बन्दै जान्छ । अहिलेचाहिँ संसद् प्रभावकारी देखिँदैन ।

### २०७४ पछिको संसद्

नयाँ संविधानपछिको पहिलो कार्यकालमा दुईपटक विघटित प्रतिनिधिसभा अदालतबाट पुनर्स्थापित गर्नुपर्‍यो । तर, हिम्मतका साथ मैले भन्नैपर्छ- दोस्रोपटकको अदालती परमादेशले संसदीय अधिकारलाई अदालतले हरण गर्‍यो । अमूक व्यक्तिलाई यति समयभित्र प्रधानमन्त्री बनाउने आदेश आयो, त्यो राम्रो भएन । सर कार बनाउने त संसद्को अधिकार हो नि । त्यसकारण अदालतले पनि संसद्को कार्यक्षेत्रमाथि अतिक्रमण गरेकै देखियो । पछिल्लो समय के देखियो भने समीकरण हेरफेर गर्ने र त्यसलाई ठप्पा लगाउने काममा मात्रै संसद् सीमित भएको छ । अरू काममा प्रभावकारिता देखिँदैन । कानुन निर्माणका पाटाहरू हेर्ने हो भने विधेयकहरू थन्किएर बसेका छन् । महत्त्वपूर्ण विधेयक निजामती सेवा, शिक्षा सेवालगायत आर्थिक गतिविधिसँग जोडिएका कतिपय विधेयकहरू जो कि संविधान कार्यान्वयन विधेयकहरू हुन्, ती थन्केर बसेका छन् ।

जस्तो, पुरानो निजामती सेवाले प्रदेश सचिव, स्थानीय तहका प्रशासकीय अधिकृतलाई चिन्दै चिन्दैन । संविधान कार्यान्वयन गराउने कतिपय विधेयकहरू अझै पनि पारित हुन सकेका छैनन् । त्यसप्रति खासै जोड राजनीतिक दलहरूले दिएको मैले पाएको छैन । दलहरू कहाँ लिप्त भए भने गठबन्धन हेरफेर गर्ने, तीनथान सरकार बनाइदिने अनि अर्को थानका लागि तयारी गर्नेमै सीमित भए । १७ महिनामा तीनपटक सरकार परिवर्तन भइसक्यो । बाँकी अवधिमा कतिपटक हुने हो ? कसैकसैको मनमा होला, यो संसद् विघटन गर्न पाएँ क्या स्वाद हुन्थ्यो ! त्यस्ता व्यक्ति, व्यक्तिव र दलहरूले संसदीय प्रणालीलाई बलियो बनाउन सक्दैनन् । हेर्दा संसद् गोलचक्करमा फसेको छ । घुमीघुमी गठबन्धनको सरकार बनाउने, अनुमोदन गर्ने र त्यतिकैमा रुमलिएर बसेको मैले पाइरहेको छु ।

### समितिको भूमिका

संसदीय समिति प्रभावहीन भएर बसेका छन् । त्यसमा धेरै टिप्पणी गर्नैपरेको छैन । हामीकहाँ विकृति के छ भने सरकारले राज्य चलाइरहेका छैन । सरकारमा रहेका मानिसहरू दल चलाइरहेका हुन्छन् । त्यो चक्रव्यूहमा आजसम्म सबै फसेका छन् । अब संसदीय समितिको भूमिकाको विषयमा जबसम्म राजनीतिक दलहरू भागबन्डाका आधारमा चल्छन्, त्यसबाट न त संसद् प्रभावकारी हुन्छ न त समितिहरू प्रभावकारी हुन्छन् । भागबन्डाका आधारमा एकथान सभापति दलले लिने र सुविधा भोग गर्ने मात्र काम हुनछ । त्यसले समितिहरूलाई प्रभावकारी बनाउन भूमिका खेल्दैन । संसदीय समितिको भूमिका त्यसको सचिवालय र सभापतिमा निर्भर गर्छ । सभापति निष्पक्ष, तटस्थ र प्रतिबद्ध छ भने समितिलाई सक्रिय पार्न सक्छ । संसद् प्रभावकारी गराउन संसदीय समितिको भूमिका नै प्रभावकारी हुनुपर्छ । समग्रमा सबै विषयलाई एकैपटक संसद्ले हेर्न सकिँदैन । त्यो समितिमार्फत नै हेर्ने गर्नुपर्छ ।

कार्यपालिकाको छायामा पर्ने व्यवस्थापिका संसारभर कहीं पनि प्रभावकारी भएको छैन । दुर्भाग्यवश हामीकहाँ एकदुई कार्यकालबाहेक कार्यपालिकाकै छायामा व्यवस्थापिका परेको छ । संसदीय समितिहरू अर्थ, लेखा, राज्यव्यवस्था, अन्तर्राष्ट्रियलगायत महत्त्वपूर्ण समिति प्रभावकारी बन्न सकेनन् । बैठक निरन्तर छैनन्, एजेन्डा अघि बढेको देखिँदैन ।

### सभामुखको भूमिका

संसदीय इतिहासमा कृष्णप्रसाद भट्टराईको भूमिका पहिलो संसद्मा हामीले देखेनौं । तर, २०४८ पछिका सभामुखहरूको भूमिकाचाहिँ मज्जाले देख्नहेर्न पाइयो । सबैभन्दा उत्कृष्ट भूमिका दमननाथ ढुंगानाकै रह्यो । त्यसपछि राम्रो भूमिका सुवास नेम्वाङकै हो । अरू जति सभामुख भए, उनीहरू फगत एकथान सभामुख मात्र भए ।

### नयाँ दलहरूको भूमिका

उनीहरू संसद् र संसदीय अभ्यास सिक्दै छन् । उनीहरू प्रतिक्रियामा आएका दलहरू हुन् । पुराना दलहरूले केही गर्न सकेनन्, हामी केके न गर्छौं भनी आएका दलहरू हुन् । तर, संसदीय अभ्यासको अभाव छ । विभिन्न पेसा, व्यवसायबाट आउनुभएको छ । संसदीय व्यवस्थाप्रति कति प्रतिबद्धता छ भन्ने कुरा संविधानप्रतिको प्रतिबद्धताको कसीलाई हेर्नुपर्छ । कतिपय दलहरू हामी प्रदेश मान्दैनौं, चुनाव लड्दैनौं भन्छन् । तिनले संविधानको एक अंश नमानेको ठहरियो । तिनबाट हामीले संसदीय व्यवस्थालाई प्रभावकारी नयाँ दलले बनाउलान् भन्ने के आशा राख्ने ?

### संसद् प्रभावकारी नभए सडक तात्छ

अन्तिम निचोड संसारभर संसदीय व्यवस्था भएको राज्यमा के हो भने संसद् प्रभावकारी नभएको ठाउँमा सडक प्रभावकारी भएको हुन्छ । सडकले निर्णय गर्दैन, त्यहाँ एउटा भीड हुन्छ । भीडले निर्णय गर्दैन । यतिखेर पनि त्यही संकेत देखापरेको छ, जो व्यवस्था र प्रणालीका लागि सुखद हैन । यसले केही रूप लिन सक्छ भन्ने निचोडमा पुग्ने आकलन गर्न तत्कालै सकिँदैन । तर, एक किसिमको भाष्य आमजनतामा दलहरू निकम्मा र नेताहरू भ्रष्ट भए भन्ने निर्माण भएको छ । यो भाष्यले सामाजिक चेतनाको रूप लियो भने दुरावस्था सिर्जना हुनसक्छ । संसद् दिवसले संसद्को गरिमा र मर्यादा बढाउन संसदीय दल र नेताहरूमा सद्बुद्धि जगाओस्, मेरो कामना छ । संसद्प्रेमी सबैमा शुभकामना ।

*(साभार: बाह्रखरी)*

# कम्युनिस्ट र कम्युनिस्ट पार्टी

✍ कृष्णहरि भट्ट

आजको आधुनिक मानव समाज निर्माणमा कम्युनिष्टहरूको मुख्य योगदान छ । उनीहरूकै अथक मिहिनेत र आविष्कारले आजको वैज्ञानिक उपलब्धी भएको हो । मानव जातिको जीवनयापन सजिलो र खुसीयाली युक्त बनिरहेको छ । जतिपनि विज्ञानका विरुद्धका धर्म ग्रन्थहरू बनेका छन् ती सबै मानिसहरूले अर्थात् कम्युनिस्टहरूले आविष्कार गरेका विज्ञान, प्रविधि, कला, साहित्य र संस्कृतिका विरुद्ध छन् । धर्म ग्रन्थका आधारमा भइरहेका सबै प्रकारका शोषण उत्पीडन र विभेदको अन्त्य गर्दै तिनै श्रमजीवी जनता अर्थात् कम्युनिस्टको राज्यसत्ता कायम गरेको समाज र धर्म र धर्मकै वरिपरि रहेका राज्यसत्ताका बीचमा ठूलो भिन्नता छ । जीवन र जगतलाई हेर्ने विश्व दृष्टिकोणमै ठूलो भिन्नता छ । विश्व कम्युनिस्ट आन्दोलनमा र नेपालको कम्युनिस्ट आन्दोलनमा पनि ठूला-ठूला भिन्नताहरू छन् । नेपालकै कम्युनिस्ट, कम्युनिस्ट आन्दोलन र पार्टीमा पनि ठूला भिन्नता रहेको छ । यी भिन्नताहरू र हेका कारणले गर्दा नै नेपालमा जनताको जनवादी राज्यसत्ता स्थापना हुन नसकेको हो । यसबारेमा केही छलफल गरौं ।

### कम्युनिस्ट

मानव भूगोलमा गहुँ गोरा, काला, सेता, राता, रंगका होचा, अग्ला, मध्यम कदका बलिया, निर्धा खालका जेजस्ता मानिसहरू छन्, उनीहरू सबै प्रकृतिका सन्तान हुन । धनी, गरिव, धर्म, पाप, स्वर्ग, नर्क यी सबै मानिसद्वारा शोषण र शासनका निम्ति निर्मित विभेदपूर्ण संस्कृति र सम्बन्धहरू हुन । यो विभेदले भरिपूर्ण संस्कृति र सम्बन्धलाई अन्त्य गर्नु पर्दछ र मानव जाति भनेको अन्तर्राष्ट्रिय जाति हो, प्रकृतिमाथि मानव जातिको समान हक हुन्छ भन्ने मान्यता राख्नेहरू कम्युनिस्ट हुन्छन् ।

कम्युनिस्ट भनेको त्यस्तो मानिस हो जसले जीवनका लागि निरन्तर संघर्ष गरिरहेको हुन्छ । आफ्नो अस्तित्व रक्षाको लागि संघर्ष गरिरहेको हुन्छ । जसका कारण एकपछि अर्को नयाँ नयाँ आविष्कार गरिरहेको हुन्छ । ती हाम्रा पुर्खा जसले भीषण सैर्षको बलिवेदीमा आफूलाई उभ्याए । त्यस्ता मानिसहरूलाई कम्युनिस्ट भनिएको छ । त्यस्ता मानिसहरूले आर्जन गरेका उपलब्धीहरूलाई धर्म ग्रन्थ र यसले निर्माण गरेका अन्धविश्वास लगायतका सम्बन्धहरूका नाममा मानिस माथि मानिसले गरेका सबै प्रकारका शोषणका विरुद्ध संघर्ष गर्ने र न्याय, समानता, स्वतन्त्रता र भातृत्व स्थापनाका लागि सचेत संगर्ष गर्ने मानिसहरू कम्युनिस्ट हुन ।

आजको सन्दर्भमा भन्ने हो भने द्वन्द्वात्मक भौतिकवादी विश्व दृष्टिकोण आधारमा जीवन संघर्ष गर्ने दृष्टिकोण युक्त मानिस नै कम्युनिस्ट, सचेत वा सभ्य मानिस हो ।

कम्युनिस्टहरू पदार्थलाई प्रधान मान्दछन् । यो मानव शरीर नै एक पदार्थ रहेको पुष्टि गर्दछन् । प्रकृतिलाई पहिलो र अन्तिम सत्य मान्दछन् । यो समाजमा जे हुन्छ कि त प्रकृतिका कारणले हुन्छ कि त मानिस आफ्नै कारणले हुन्छ भन्ने दृष्टिकोण राख्दछन् । अध्यात्मवादीहरू चेतनालाई प्रधान भएको मान्दछन् । मानव शरीर ईश्वरको उपहार मान्दछन् । यो संसारको जन्मदाता र सहारकर्ता उहाँ परमेश्वर हुन । अनन्त छन्, निरञ्जन छन्, निराकार छन्, न उहाँको जन्म हुन्छ न त मृत्यु नै उहाँ त अजर अमर हुनुहुन्छ भन्ने मान्यता राख्दछन् । हामी भनेका त निमित्त मात्र हौं नायक त उहाँ हुनुहुन्छ आदि दृष्टिकोण राख्दछन् । कम्युनिस्टहरू भाग्यमा विश्वास गर्दैनन् । आफ्नो श्रम र सीपमा विश्वास गर्दछन् । अध्यात्मवादीहरू श्रममा विश्वास गर्दैनन् । अन्धविश्वास जन्य कल्पना वा भाग्यवादमा विश्वास गर्दछन् । कम्युनिस्टहरू भौतिकवादी हुन्छन् । गैर कम्युनिस्टहरू कित अध्यात्मवादी हुन्छन् कि यान्त्रिक भौतिक्वादी हुन्छन् ।

### कम्युनिस्ट पार्टी

आजको विश्व मञ्चमा कम्युनिस्ट नामधारी पार्टीहरू धेरै छन् । सर्वहारा वर्गीय मुक्तिका लागि गठन हुनुपर्ने कम्युनिस्ट पार्टीहरू सर्वहारा वर्गलाई झुक्याउने पुँजीवाद-साम्राज्यवादको दलाल वा उनीहरूको कारिन्दा बन्न पुगेका छन् । कतिपय कम्युनिस्ट पार्टीहरू दक्षिणपन्थी पुँजीवादी सांसदवादी दलदलमा रमाइरहेका छन् । कतिपय कम्युनिस्ट पार्टीहरू उग्र वामपन्थी दुश्साहसवादमा क्रान्तिकारी उन्मादद्वारा दक्षिणपन्थी अबसरवादलाई नै सहयोग पुराइरहेका छन् । वास्तविक सर्वहारा वर्गीय कम्युनिस्ट पार्टीहरू भने अस्तित्व रक्षाको संघर्षबाट गुज्रिरहेका छन् । यस बारेमा पुछारमा चर्चा हुनेछ ।

कम्युनिस्ट पार्टीको मूल सिद्धान्त भनेको मार्क्सवाद-लेनिनवाद-माओ विचारधारा हो । यो द्वन्द्वात्मक भौतिकवाद, ऐतिहासिक भौतिकवाद वा ऐतिहासिक द्वन्द्वात्मक भौतिकवादी दृष्टिकोणको आधार जीवन र जगतलाई हेर्ने बुझ्नु र बदल्ने वैज्ञानिक सिद्धान्त हो । यसको सही प्रयोग भएका देशहरूमा त्यहाँको आर्थिक, सामाजिक, सांस्कृतिक र राजनीतिक प्रगति उच्च स्थानमा रहेको हामीहरू पाउँदछौं । यसबाट दायाँबायाँ विचलन भएका देशहरूमा त्यहाँका जनताले दु:ख माथि झन दु:ख, समस्या माथि झन समस्या थपिएर पीडादायी जीवन गुजार्न बाध्य भएका हुन्छन् ।

मानव समाजको इतिहासको रचयिता श्रमजीवी जनता नै हुन । आजको यो आधुनिक वैभवताको निर्माता पनि श्रमजीवी जनता नै हुन । शुरूआती समयमा उनीहरूले बनाएका खेतबारीहरू, पालेका पशुपन्छीहरू, निर्माण गरेका औजार र सामग्रीहरू, नयाँ नयाँ आविष्कारहरू आफ्नो बनाउन टाठाबाठा र बलशालीहरूको कुकृत्यले सत्ताको निर्माण हुन पुग्दछ । यतिले मात्र सत्ताको सुरक्षा नपुगेर न्यायका लागि लागिपरेकाहरूको र काल्पनिक पात्रहरूको कार्य आफ्नो स्वार्थ अनुकुल हुनेगरी तयार गरिएका धर्मग्रन्थ र यसको आधारमा तयार गरिएको विभेद, स्वर्ग नर्कको त्रास अन्धविश्वासमा आधारित डण्ड पुरस्कार अलौकिक शक्तिमाथि मुक्तिको आशा गरिनु पर्ने अवस्थालाई कार्यान्वयन गर्न धार्मिक सत्ता तयार गरेर शोषण र शासनको अकन्टक यात्रा तय गरेका थिए । यो यात्रा सामन्दवादी युगबाट सुरु भएर पुँजीवादी (हानाथाप) युगमा आइपुग्दा पनि पुँजीवादीहरूले पनि आफ्नो रक्षा सामन्तवादसँग सम्झौता गर्नुमा नै देखे । यही अवस्थामा कम्युनिस्ट पार्टीको वैज्ञानिक दृष्टिकोण सहितको संघर्षको गर्भाधान भएको हो ।

धर्म ग्रन्थ र यसले निर्माण गरी विकास भएका अन्धविश्वास लगायतका मानवता, मानव हित विपरीतका मान्यता र सम्बन्धको अन्त्य गर्न कम्युनिस्ट पार्टीको आवश्यकता पर्दछ । मानव समाजको विगत दास युगदेखि बर्तमानसम्मको इतिहास भनेको वर्ग सैर्षको इतिहास हो । शक्तिको नाममा, धर्मग्रन्थको नाम आदिका माध्यमाद्वारा सत्तासीन भएकाहरूबाट सङ्गठित रूपमा हुँदै आइरहेको शोषण उत्पीडन र विभेदको अन्त्य शोषित उत्पीडित वर्ग समुदायको सचेत र सङ्गठित संघर्ष नगरीकन सम्भव छैन । शोषण उत्पीडन र विभेदको जगमा रहेको यो सामन्ती, दलाल तथा नोकरशाही पुँजीवादी वर्तमान राज्यसत्तालाई परास्त गर्न सकिँदैन । यसका लागि बल प्रयोग गर्नु नै एक मात्र विकल्प रहेको छ । त्यो बल (शक्ति) भनेको सर्वहारा वर्गीय बल हो ।

### कम्युनिस्ट पार्टीका समस्या

विश्व पुँजीवादको लगानी र निर्देशनमा कम्युनिस्ट पार्टीहरू खोलिदिने कार्यको थालनी दोश्रो विश्वयुद्धको समाप्ति पछि सुरु भएको हो । यो क्रम झन तीव्र बनिरहेको छ । युरोपमा भने कम्युनिज्मका विरुद्ध सोसलिज्मको थालनी गरिएको थियो । कम्युनिस्ट बाहेकाका सबै प्रवृत्तिहरूको दुश्मन प्रवृत्ति भनेको साम्यवाद नै हो । सबका सब आफूमात्र धनी हुने, ठूलो हुने र माथि पुग्ने अरूलाई तल पारेको मनपराउनेहरूले कम्युनिस्ट मन पराउँदैनन् । यसकारणले गर्दा जहाँ जस्तो तरिकाले कम्युनिस्ट आदर्शलाई ध्वस्त गर्न सकिन्छ त्यही गरिएको देख्न सकिन्छ । जस्तो दक्षिणपन्थी संशोधनवादी विसर्जनवाद र उग्रवामपन्थी दुश्साहसवादी विसर्जनवाद । दुवै कोणबाट कम्युनिस्ट आन्दोलन र पार्टी ध्वस्त बनाइका छन् । कम्युनिस्ट सिद्धान्तकै वरिपरि कम्युनिस्ट पार्टीको नामको अगाडि पछाडि सिङ पुच्छर जोडेर नयाँ प्रयोगको नाममा जनताका आकांछा माथि तुसारापात गरेर दुरूप्रयोग गरिरहेको देखिन्छ ।

*(साभार: नेपाल समाचार-पत्र)*

# रोहितको त्यो आँशु र यो खुसी

काठमाडौं/सन् २०२३ नोभेम्बर १९ मा अहमदावादमा एकदिवसीय विश्वकपको फाइनलमा अष्ट्रेलियासँग ६ विकेटको हार पछिल्लो एक दशकमा भारतीय क्रिकेटले सामना गरेको सर्वाधिक पीडादायी र दुःखद क्षण हो । घरेलु मैदान, दर्शक र कन्डिसनमा शानदार क्रिकेट खेल्दाखेल्दै एक गल्तीको भारत कारण च्याम्पियन बन्न सकेन ।

फाइनलमा रोहित शर्मा अष्ट्रेलियाविरुद्ध ९.४ ओभरमा ४७ रनमा क्याच आउट हुँदा भारत ७६-२ को अवस्थामा थियो । तर, उनी आउट भएपछि आक्रामक क्रिकेट खेल्न नसक्दा भारत २४० रनमा अलआउट भएको थियो । ट्रविस हेडले १३७ रनको शतकीय इनिङ खेल्दै सहजै अष्ट्रेलियालाई जित दिलाएका थिए ।

रोहित, अरु खेलाडी, भारतीय क्रिकेट शुभचिन्तक र समर्थकलाई त्यो हार भुल्न धेरै समय लाग्यो । फाइनल सकिएको दुई तीन दिनपछि मात्रै आफूहरुलाई विश्वकप हारेको महसुस भएको रोहितले बताएका थिए । मैदानबाट ड्रेसिङ रुममा जाँदा रोहित निकै भावुक बनेका थिए ।

सन् २०१९ को एकदिवसीय विश्वकप सेमिफाइनलमा न्युजिल्यान्डसँग १९ रनको हार उनका लागि त्यति नै दुःखद थियो । किनभने भारतले त्यो विश्वकपमा ९ मध्ये ७ खेल जितेर फाइनलमा पुगेको थियो ।

उक्त विश्वकपमा रोहितले ५ शतक हानेका थिए । ९ जुलाइमा म्यान्चेस्टरमा २४० रनको लक्ष्य पछ्याएको भारतलाई जित्नका लागि १० बलमा २५ रन चाहिएको थियो । ४९ औं ओभरको तेस्रो बलमा महेन्द्रसिंह धोनीलाई मार्टिन गुप्टिलले डाइरेक्ट थ्रोमा रन आउट गरेपछि भारतको जितको आशा सकिएको थियो । त्यो क्षणमा पेभेलियनमा रोहितले आँशु रोक्न सकेनन् ।

सन् २०२२ को आईसीसी टी-२० विश्वकपको सेमिफाइनलमा इंग्ल्यान्डसँगको १० विकेटको हार कप्तान रोहितका लागि अर्को कठिन क्षण थियो । शनिबार राति आईसीसी टी-२० विश्वकप २०२४ को फाइनलमा दक्षिण अफ्रिकालाई ७ रनले हराउँदै भारतले उपाधि जित्न सफल भयो ।

उपाधि जितेसँगै मैदानमा




रोहितले उत्कृष्ट सेलिब्रेसन गरे । अनि त्यति नै भावुक पनि देखिए । रोहित यसपटक पनि रोए । तर यो खुसीको आँशु थियो । १३ वर्षदेखि भारतले प्रतिक्षा गरेको विश्वकप ट्रफी जित्न सफल भए ।

सन् २०११ मा महेन्द्रसिंह धोनीको कप्तानीमा घरेलु मैदानमा श्रीलंकालाई हराउँदै भारतले एकदिवसीय विश्वकप जितेको थियो ।

भारतले आईसीसी ट्रफी नजितेको नै ११ वर्ष भएको थियो । च्याम्पियन्स ट्रफी २०१३ भारतको अन्तिम आईसीसी उपाधि थियो । विश्व क्रिकेटमा निरन्तर शानदार प्रदर्शन गरेपनि नकआउटमा पुगेर चुक्दै आएको थियो ।

'हामीले एउटा ग्रुपको रुपमा यो प्राप्त गर्न कडा मिहिनेत गरेका थियौं । विगतमा राम्रो गर्दा पनि गलत भएको थियो । म साँच्चिकै एक-अर्का प्रति गर्व गर्दछु । किनभने सबै एकै ठाउँमा भएर प्रदर्शन गर्न आवश्यक थियो', जितपछि रोहितले भने । यस पटक पनि भारतले हारको मुखबाट अविश्वसनीय पुनरागमन गरेको थियो ।

शनिबार राति १७७ रनको लक्ष्य पछ्याएको दक्षिण अफ्रिकाका ब्याटर हेनरिक क्लासेनले १५ औं ओभरमा स्पिनर अक्षर पटेललाई समान दुई चौका र दुई छक्कासहित कुल २४ रन प्रहार गरेपछि भारतको जितको सम्भावना कम देखिएको थियो ।

त्यसपछि दक्षिण अफ्रिकालाई अन्तिम ५ ओभर अर्थात ३० बलमा मात्रै ३० रन चाहिएको थियो । १७ औं ओभरको पहिलो बलमा हार्दिक पान्ड्याले हेनरिक क्लासेनलाई ५२ रनमा ऋषभ पन्तबाट क्याच गराउनु भारतको जितको टर्निङ प्वाइन्ट बन्यो । त्यसपछि बाँकी १७ बलमा १० रन जोड्दै २ विकेट गुमाएपछि अन्तिम ६ बलमा दक्षिण अफ्रिकालाई जित्न १६ रन चाहिएको थियो । हार्दिकको फुलटस बलमा ठूलो सट खेलेका डेविड मिलरको बल लङअफमा छक्का बचाउँदै सूर्यकुमार यादवले उत्कृष्ट क्याच लिएपछि विश्वकप ट्रफी पक्का जस्तै बनेको थियो । त्यसपछि ५ बलमा १६ रन चाहिँदा दक्षिण अफ्रिकासँग क्रिजमा बलर थिए ।

विश्वकप जिताउन रोहितको कप्तानी र प्रदर्शन दुबै महत्वपूर्ण रह्यो । सुपर-८ मा अष्ट्रेलियालाई सेमिफाइनलमा पुग्न नदिन उनले ९२ रनको आक्रामक इनिङ खेलेका थिए । सेमिफाइनलमा इंग्ल्यान्डलाई हराउन पनि अर्धशतक हाने ।

'पछिल्लो केही वर्षदेखि मैले ग्रुपमा कुराकानी गर्दै भनेको थिएँ हामी सबैले जिम्मेवारी लिनुपर्छ । अनि स्वतन्त्र र बिना दबाब क्रिकेट खेल्नुपर्छ । नतिजा नआउँदा पनि यो प्रक्रिया छाड्नु हुँदैन । गतवर्ष हामीले राम्रो खेलेपनि एकदिवसीय विश्वकप एउटा मात्रै खराब खेलले हार्‍यौं । अपराजित रहँदै यो विश्वकप जित्दा साँच्चिकै राम्रो अनुभव भएको छ', रोहितले भने ।

त्यसैमा थपे, 'यो सबैको योगदानले सम्भव भएको हो । एक-दुई व्यक्तिको कारणले मात्रै होइन । एउटा टिमको रुपमा यो ठूलो उपलब्धि हो ।' सबै जनाले देखाएको बहादुरीको कारण ट्रफी सम्भव भएको उनी बताउँछन् ।

रोहितले सन् २००७ सेप्टेम्बरमा इंग्ल्यान्डविरुद्ध टी-२० आई र जुनमा आयरल्यान्डविरुद्ध ओडीआईमा डेब्यू गरेका थिए । भारतले २००७ को टी-२० विश्वकप उपाधि जित्दा उनी टोलीका स्पिन अलराउण्डर थिए ।

भारतबाट दुई टी-२० विश्वकप जित्ने उनी एक्लो खेलाडी हुन् । सन् २०११ को विश्वकप टोलीमा भने उनी पर्न सकेनन् ।

**धोनीले बनाएका सफल ओपनर**

रोहित पहिला भारतीय क्रिकेटमा तल्लोक्रममा ब्याटिङ गर्थे । धोनीले २०१३ को च्याम्पियन्स ट्रफीबाट उनलाई ओपनरमा ल्याए । त्यो नै उनको करिअरको टर्निङ प्वाइन्ट बन्यो । त्यो समय भारतीय टोलीमा मुरली विजय र शिखर धवनले ओपनिङ गरेका थिए ।

रोहित चौथो नम्बरमा खेल्ने तयारी थियो । तर अभ्यासको क्रममा चौथो नम्बरमा दिनेश कार्तिकले दुई शतक हाने । रोहितले अभ्यासमा राम्रो गरेको हुँदा धोनीले बाहिर राख्न सकेनन् । त्यसैले मुरली विजयको स्थान लिँदै ओपनर बनेका थिए । उनको पहिचानै ओपनरबाट बन्यो ।

रोहितले २०१३ अक्टोबरमा अष्ट्रेलियाविरुद्ध जयपुरमा १४१ र नोभेम्बरमा बेंगलोरविरुद्ध २०९ रनको दोहोरो शतकीय इनिङ खेलेका थिए । २०१४ नोभेम्बरमा इडेन गार्डेनमा श्रीलंकाविरुद्ध २६४ रनको दोहोरो शतकीय इनिङ खेले । ओडीआईमा एकै खेलमा एक ब्याटरले बनाएको त्यो उच्च स्कोर हो । २०१७ मोहलीमा श्रीलंकाविरुद्ध २०८ रनको दोहोरो शतकीय इनिङ खेले । रोहित ओडीआईमा तीन दोहोरो शतक हान्ने एक्लो खेलाडी हुन् ।

फुल सट विश्व क्रिकेटमा रोहितको पहिचान हो । टी-२० आईमा १५९ खेलमा ५ शतक र ३२ अर्धशतकसहित ४ हजार २३१ रन बनाएका छन् । उनीपछि अष्ट्रेलियाका ग्लेन म्याक्सवेलले मात्रै टी-२० आईमा ५ शतक हानेका छन् ।

सन् २०२१ को टी-२० विश्वकपपछि कोहलीले कप्तानी छाडे । इन्डियन प्रिमियर लिग (आईपीएल) मा मुम्बई इन्डियन्सलाई पाँच पटक उपाधि जिताएको हुँदा रोहितबाट भारतले ठूलो आशा राखेको थियो ।

दुर्भाग्य त्यसै वर्ष टी-२० विश्वकपमा भारत सेमिफाइनलमा इंग्ल्यान्डसँग १० विकेटले पराजित हुँदै बाहिरियो । तर भारतले उनीमाथिको भरोसा तोडेन ।

दुर्भाग्य यसै संस्करणमा मुम्बई इन्डियन्सले रोहितलाई कप्तानबाट हटाउँदै हार्दिकलाई नेतृत्व दिएको थियो । हार्दिक र मुम्बई निकै आलोचना परे । हार्दिकले विश्वकपबाट त्यो आलोचनालाई पक्कै अन्त्य गरेका छन् ।

भारतीय क्रिकेटमा थुप्रै युवा ओपनर अवसरको पर्खाइमा छन् । त्यसैले विश्वकप जितेसँगै रोहित र कोहलीले टी-२० आईबाट आधिकारिक रुपमा सन्न्यास नै लिए ।

अब ओडीआई र टेष्ट पनि खासै धेरै समय नखेल्ने देखिन्छ । सम्भव त रोहित र कोहली दुबैको लक्ष्य २०२५ को च्याम्पियन्स ट्रफी हुनेछ । २०२६ को टी-२० विश्वकप र २०२७ को एकदिवसीय विश्वकपमा भारत युवा खेलाडीका साथ अघि बढ्ने तयारी गरेको छ ।

कपिलदेव र धोनीपछि भारतलाई उपाधि जिताउने रोहित भारतका तेस्रो कप्तान हुन् । एउटा विश्वकप ट्रफी भारतको सपना मात्रै नभएर अति आवश्यक बनेको थियो । किनभने भारतका खेलाडी र समर्थक त्यसका हकदार थिए ।

वेष्टइण्डिज र अमेरिकाको स्पिन सहयोगी कन्डिसनले पनि धेरै फाइदा गर्‍यो । अनि केही कुरामा भाग्यले पनि साथ दियो । त्यो भन्दा बढी भारतले साँच्चिकै राम्रो क्रिकेट खेल्यो । अनि रोहितले राम्रो नेतृत्व गरे । र रोहित अब हारको कारण फेरि रुनुपर्ने छैन । किनभने उनले आफ्नो उत्कृष्ट प्रदर्शनमा एउटा विश्वकप ट्रफी जित्न सफल भएका छन् । *(स्रोत: अनलाइनखबर)*

# ५ वर्षपछि फिल्ममा फर्किएकी अनुको अनुभव- 'फिल्म पाउन कठिन छ'




काठमाडौं/६/७ वर्षअघि अभिनेत्री अनु शाहले फिल्म र म्यूजिक भिडियो लगातार गरिरहेकी थिइन् । तर, कोभिडपछि उनले म्यूजिक भिडियो छिटपुट गरिरहेको भए पनि फिल्मको अफर लगभग शून्यजस्तै छ । उनी ठूलो पर्दामा नदेखिएको नै ४/५ वर्ष भइसकेको छ । अब उनको कमब्याक फिल्म 'ईश्वर' आगामी साउन ११ गतेबाट प्रदर्शनमा आउने तयारीमा छ । यो फिल्मप्रति उनलाई ठूलो आशा छ ।

झन्डै १५ वर्षदेखि अभिनयमा सक्रिय अनुलाई निरन्तर फिल्म पाउन कठिन छ भन्ने लाग्छ । आइतबार 'ईश्वर'कोपत्रकार भेटघाटमा उनले भनिन्, 'निरन्तर फिल्म पाइरहन कठिन नै छ । 'ईश्वर' नै मैले ४/५ वर्षपछि गरेकी हुँ । बीचमा कुनै फिल्म गरिनँ । अफर नै नआएको चाहिँ होइन । यद्यपि, विभिन्न कारणले गरिनँ ।' म्यूजिक भिडियोका कारण कामको अभाव भने नरहेको उनको दाबी छ ।

कोरोनाअघि फिल्मबाट प्रस्ताव आइरहेको भए पनि त्यसपछि फिल्म नै कम बन्न थालेको उनी बताउँछिन् । 'कोरोना अगाडि मलाई फिल्मको अफर आइरहेकै थियो । म्यूजिक भिडियो त म हप्ताभरि नै गरिरहेकी हुन्थें । अहिले पनि म्यूजिक भिडियोको चाहिँ कमी छैन । तर, कोरोनापछि पैसाको खडेरीले होला फिल्म नै कम बनिरहेका छन् । म्यूजिक भिडियो पनि धेरै नै कम छ,' उनले भनिन् ।

गएको ५ वर्षमा उनलाई राम्रो फिल्म गर्न पाए हुन्थ्यो भन्ने इच्छाले आफैंलाई गाह्रो बनाएको रहेछ । यस्तो इच्छा हरेक कलाकारलाई हुने उनको बुझाई छ । प्राय: स्थापित ब्यानरहरुमा आफ्नै कलाकार हुनु र कोरोनापछि फिल्म बन्न कमी हुँदा धेरै कलाकारहरुलाई काम एकदमै कम मिलिरहेको छ भन्ने उनलाई लाग्छ । अनुले डेढ दशकमा लगभग दुई दर्जन फिल्ममा अभिनय गरिसकेकी छन् ।

# पोखराबाट 'मीरा'को सामाजिक प्रदर्शनी सुरु गरिँदै




काठमाडौं/अनिता पण्डितको लेखन तथा निर्देशनमा बनेको फिल्म 'मीरा: स्याडो अफ अ रेन्बो'को सामाजिक प्रदर्शनी सुरु गरिने भएको छ । यसको सुरुवात पोखराबाट हुन लागेको हो । यही असार २५ गते मंगलबार साँझ पोखराको ट्रेड मलस्थित क्यूएफएक्स (सिनेप्लेक्स) हलमा फिल्मको पहिलो प्रदर्शन हुँदैछ । यसपछि अरु सहर र देशबाहिर पनि प्रदर्शन गरिने निर्देशक पण्डितले जानकारी दिइन् ।

बालबालिकाहरुमा हुने अटिजम (अन्तर्मुखी स्वभाव) सम्बन्धी सचेतना तथा एलजीबीटीक्यू (लेस्बियन)को बारेमा जनचेतना फैलाउने उद्देश्यले फिल्मको सामाजिक प्रदर्शन गर्न लागिएको हो । फिल्मले अटिजम र एलजिबिटीकै विषय उठाएको छ । फिल्मले चलचित्र जाँच समिति (सेन्सर बोर्ड) बाट १६ वर्षभन्दा मुनिका दर्शकले अभिभावकको साथमा हेर्नुपर्ने गरी 'पिजी प्रमाणपत्र' पाइसकेको छ ।

फिल्ममा अनिता पण्डित, सुरवीना कार्की, निशान चौहान, कैलाश रावल, रोशनी कार्की, आश्वि घिमिरे (बाल कलाकार)को अभिनय रहेको छ । अटिजम भएकी छोरी र फरक यौन चाहना भएकी आमाको सैर्णपूर्ण कथामा फिल्म आधारित छ । आश्वि फिल्म्सको प्रस्तुतिमा बनेको 'मीरा'मा अनिल कटुवालको छायांकन रहेको छ भने एलिस कार्कीको संगीत तथा विजेश पौडेलको सम्पादन छ ।

# विराजको '१२ गाउँ' दशैंमा, फर्स्टलुकमा यस्ता देखिए समीर




काठमाडौं/'एक्सन स्टार'को रुपमा चिनिएका विराज भट्टको निर्देशनमा तयार भइरहेको फिल्म '१२ गाउँ' यस वर्षको दशैंमा प्रदर्शन हुने निश्चित भएको छ ।

आइतबार फर्स्टलुक पोस्टर सार्वजनिक गर्दै दशैंमा फिल्म प्रदर्शन हुने जानकारी गराइएको हो । तर, प्रदर्शन मिति भने तोकिएको छैन । तथापि, दशैंको टीका (असोज २६) वा घटस्थापना (असोज १७) मध्ये एउटा मितिमा फिल्म रिलिज हुन सक्नेछ ।

पोस्टरमा विराजका छोरा समीर भट्ट रिसाहा भावमा देखिएका छन् । रगताम्मे खुकुरी लिएर उनले कसैमाथि प्रहार गर्न खोजिरहेका छन् । पृष्ठभूमिमा भने एउटा गाउँ देखिन्छ । फिल्ममा समीर एक्सन भूमिकामा देखिन लागेको पोस्टरले बुझाउँछ । यही फिल्मबाट उनले अभिनेताको रुपमा डेब्यु गर्न लागेका हुन् । अब समीर निर्माता सन्तोष सेनको फिल्म 'बलिदान'मा काम गर्ने तयारीमा छन् ।

विराजले अबको १० दिनमा फिल्मको छायांकन सकिने जानकारी दिए । फिल्मको एउटा एक्सन दृश्य मुम्बईमा खिच्ने तयारी रहेको उनको भनाई छ । '१२ गाउँ'ले नेपाली फिल्मको एक्सनलाई अन्तर्राष्ट्रिय स्तरमा लैजाने उनको विश्वास छ । फिल्ममा उनी स्वयं पनि मुख्य भूमिकामा प्रस्तुत छन् । २०७६ सालमा आएको फिल्म 'साङ्लो'पछि विराजले अभिनय र निर्देशनमा कमब्याक गरेका हुन् ।

'१२ गाउँ'बाट पूर्वमिस नेपाल इन्टरनेशनल न्यान्सी खड्का र मोडल सनिशा भट्टराईको पनि डेब्यु हुँदैछ भने मुरलीधर, दीया मास्के, अर्जुन जंग शाही, कनिज कोइराला, नरेन खड्का, कृष्ण भट्ट, सोनु चन्द्रपाल, कालु राना, भिष्म जोशी, शुलेमान शंकर (इकु), तारा शर्मा, किशोर भट्ट, सन्तोष सरकार र स्टन्ट सिल्भा (साउथ फिल्मका कलाकार तथा स्टन्ट निर्देशक) लगायतको पनि अभिनय छ ।

यसमा अर्जुन पोखरेल र निरजको संगीत, रामजी लामिछाने, सुनिल क्षेत्री र कविराज गहतराजको कोरियोग्राफी तथा प्रवीन केएल र भुपेन्द्र अधिकारीको सम्पादन रहनेछ भने विराज स्वंयमको कथा र सन्तोष सरकारको पटकथा तथा संवाद लेखन छ । योफिल्ममा साउथका स्टन्ट सिल्भाको द्वन्द्व निर्देशन छ । उनलाई शंकर महर्जनले सघाएका छन् । यसमा महेश पौडेल भने छायाँकारमा छन् ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# मधेशमा बजेटको रातो किताब नै संशोधन, पुनर्लेखन गर्न विपक्षीको माग



काठमाडौं/मधेशमा सरकारी प्रणालीमा नै प्रवेश गरेर बजेटको रातो किताबमा जथाभावी योजना र बजेट राखेको खुलेको छ ।

अर्थमन्त्री भरतप्रसाद साहले मधेश प्रदेशसभामा पेश गरेको बजेटमा भन्दा फरक योजना र रकम उल्लेख गरेर रातो किताबमा धेरै योजनाहरु समावेश गरेको पाइएको छ ।

१ असारमा मधेश सरकारका अर्थमन्त्री भरतप्रसाद साहले अगामी आर्थिक वर्ष २०८१/८२ का लागि ४३ अर्ब ८९ करोड २१ लाख ७० हजार रुपैयाँको बजेट ल्याएका थिए । उनले तयार पारेको बजेट पुस्तिकामा भन्दा तीन अर्ब रुपैयाँ भन्दा बढीको योजना फरक परेको स्रोतको दाबी छ ।

प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (पीएलएमबीआईएस) मा नै प्रवेश गरेर जथाभावी योजना र बजेट राखेको भन्दै सत्तारुढ र विपक्षी दलहरुले विरोध जनाएका छन् ।

आइतबार नेपाली कांग्रेस, जनता समाजवादी पार्टी नेपाल, लोकतान्त्रिक समाजवादी पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टीले बजेट पुनर्लेखनको माग गर्दै मुख्यमन्त्री सतिश सिंहलाई ज्ञापनपत्र बुझाएका छन् ।

उनीहरुले मुख्यमन्त्री सिंह र र अर्थमन्त्री साहले १३ असारमा पीएलएमबीआईएसमा ह्याकरहरु प्रवेश गरेर कार्यक्रम र बजेट प्रविष्ट गरेको र बजेट त्रुटिपूर्ण भएको स्वीकार गरेको भन्दै संसदीय छानबिन गर्न माग गरेका छन् । उनीहरुले बजेट पुनर्लेखन गरेर संसदीय निर्वाचन क्षेत्रमा सन्तुलित तरिकाले बजेट राख्न पनि माग गरेका छन् ।

कांग्रेस संसदीय दलका नेता कृष्णप्रसाद यादव, जसपा नेपाल संसदीय दलका नेता सरोजकुमार यादव, लोसपा प्रमुख सचेतक रानीकुमारी तिवारी र राप्रपा संसदीय दलकी नेता कञ्चन बिच्छाले संयुक्त रुपमा ध्यानाकर्षण पत्र बुझाएका हुन् ।

बजेटमा कसरी जथाभावी योजना समावेश भयो भन्ने विषयमा सरकारले आधिकारिक रुपमा जानकारी गराएको छैन ।

मुख्यमन्त्री सिंहले १० असारमा जनकपुरको एक कार्यक्रममै बजेटमा कर्मचारीले गडबड गरेको बताएका थिए । 'बनेको बजेटमा कर्मचारीले खेल गरे । धेरै बजेट यताउता भयो । यसबारे आन्तरिक छानबिन गरिरहेका छौं', उनले भनेका थिए ।

अर्थमन्त्री साहले यस विषयमा प्रतिक्रिया दिन मानेनन् । तर, गडबड भएको विषयमा मन्त्री साहले आन्तरिक रुपमा बुझ्ने काम गरेको उनको सचिवालय स्रोतले बताएको छ ।

मधेशको अर्थ मन्त्रालयका सचिव सुवासचन्द्र शिवाकोटीले मन्त्रालयहरुबाट नै बजेट प्रणाली पीएलएमबीएसमा योजना र बजेट प्रविष्ट भएको बताए ।

'बाहिरबाट मैले पनि पीएलएमबीएस ह्याक भएको कुरा सुने । बजेट विषयगत मन्त्रालयहरुले इन्ट्री गरेका छन् । त्यहाँ २/३ जना कर्मचारीले युजर नेम र पासवर्ड शेयर गरेका हुन सक्छन् । तर अनधिकृत युजर आइडीबाट बजेट प्रविष्ट भएको छैन', उनले भने ।

बजेटमा जथाभावी योजना समावेश भएको विषयमा सत्तारुढ दलहरुबीच पनि पटक पटक छलफल भएको छ । आन्तरिक छानबिन गरिरहेको मुख्यमन्त्री सचिवालय स्रोतले जनाएको छ ।

*(स्रोत: अनलाइनखबर)*

# एजुकेसन कन्सल्टेन्सी नवीकरण गर्न शिक्षा मन्त्रालयले माग्यो आवेदन




काठमाडौं/शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले शैक्षिक परामर्श केन्द्रहरु (एजुकेसन कन्सल्ट्यान्सी) नवीकरणका लागि आवेदन माग गरेको छ । मन्त्रालयले आइतबार सूचना जारी गर्दै शैक्षिक परामर्श सेवा, पूर्व तयारी कक्षा तथा भाषा शिक्षण सम्बन्धी कार्य गर्न अनुमति प्राप्त संस्थाहरुलाई नवीकरण गराउन सूचित गरेको हो ।

सूचना अनुसार संस्थाहरुले नवीकरणको लागि अनलाइनमार्फत आवेदन दिनुपर्नेछ । पहिलो चरणमा १६ असार देखि ५ साउनसम्म संस्थाहरुले भरेका विवरण ६ साउनदेखि १२ सम्म भेरिफिकेसन गर्ने मन्त्रालयको योजना छ । उक्त सूचना भेरिफिकेसन भएपछि २७ साउनसम्म संस्थाहरुले इमेल मार्फत कागजात पेश गर्नुपर्ने हुन्छ ।

उक्त कागजात फाइल गरेर संस्थामा राख्नुपर्ने र अनुगमनको क्रममा फाइल बुझाउनुपर्ने प्रावधान मन्त्रालयले सूचनामा उल्लेख गरेको छ । मन्त्रालयले शैक्षिक परामर्श सेवा तथा भाषा शिक्षण सम्बन्धी पहिलो संशोधन निर्देशिका संशोधन गरेर नवीकरण प्रक्रिया अघि बढाएको हो ।

नवीकरण गर्दा कम्पनी दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, कम्पनीको प्रबन्ध पत्र तथा नियमावलीको प्रमाणित प्रतिलिपि, सञ्चालकहरुको नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि, परामर्श सेवा प्रदान गर्ने कम्तीमा दुईजना परामर्श दाताको शैक्षिक योग्यताको प्रमाणपत्र, तालिमको प्रमाणपत्र आदि बुझाउनु पर्नेछ । त्यस्तै मूल्य अभिवृद्धि कर (भ्याट) मा दर्ता प्रमाणपत्रको प्रतिलिपि, कम्पनी अद्यावधिक पत्रको प्रतिलिपि, कम्पनी र संस्थाको कर चुक्ता र लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपि, मन्त्रालयबाट प्राप्त गरेको सेवा सञ्चालन अनुमति र स्वीकृतिको प्रतिलिपि पनि पेश गर्नुपर्नेछ ।

मन्त्रालयले तोकेको म्यादभित्र नवीकरण हुन नआएमा वा नवीकरण नगरेमा त्यस्तो संस्था खारेज हुनेछन् । ०७५ साउन १४ भन्दा अगाडि मन्त्रालयबाट स्वीकृति पत्र प्राप्त गरेका संस्थाको नवीकरण गर्न मन्त्रालयले सूचना जारी गरेको हो । मन्त्रालयले प्रदेशमा दर्ता भएका कन्सल्टेन्सी भने नवीकरण नगराउने जनाएको छ ।

नवीकरण बापत प्रति वर्ष तीन हजार रुपैयाँ मन्त्रालयको नाममा बैंकमा जम्मा गर्नु गर्न पनि सूचनामा उल्लेख गरिएको छ ।

*(स्रोत: अनलाइनखबर)*

# श्रमाधान रोजगार मेलामा १८ हजारको आवेदन

साझाकुरा संवाददाता

हेटौंडा, १६ असार/ श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले हालै सम्पन्न गरेको 'श्रमाधान रोजगार मेला' मा करिव १८ हजार जनाले रोजगारीको लागि आवेदन दिएका छन् । मन्त्रालयले आइतबार पत्रकार सम्मेलन आयोजना गरी मेलाको तथ्यांक सार्वजनिक गरेको हो ।

मन्त्रालयका सहसचिव एवम् प्रवक्ता गोविन्दप्रसाद रिजालले ४१ हजार ३ सय २५ जनाले मेलाको अवलोकन गरेको र १७ हजार ९२१ जनाले रोजगारीका लागि आवेदन दिएको तथ्यांक सार्वजनिक गरेका छन् । त्यस्तै, रोजगारदाताबाट १४ हजार ७८८ श्रमिकको माग भएको छ । मेलामा सरकारी, गैरसरकारी र निजीक्षेत्रका ३२२ वटा स्टल राखिएको प्रवक्ता रिजालले बताए ।

मेला विभिन्न शीर्षकमा ३६ वटा कार्यशाला पनि सञ्चालन गरिएको थियो । संघीय सरकार, प्रदेश सरकार, स्थानीय तह, निजीक्षेत्र, विकास साझेदार गरी ३३५ संघ संस्थासँग सहकार्य गरिएको मेलाका संयोजक समेत रहेका प्रवक्ता रिजालले बताए । उनका अनुसार मेलाको कुल बजेट ९३ लाख ६ हजार ९६३ रहेकोमा ८५ लाख ३३ हजार ८६५ रुपैयाँ खर्च भएको छ ।

पत्रकार सम्मेलनमा श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री डोलप्रसाद अर्यालले 'श्रमाधान रोजगार मेला' मा रोजगारदाताले प्रतिवद्धता जनाएअनुसार रोजगारी प्रदान भए/नभएको मन्त्रालयले रेकर्ड राख्ने बताए । 'मेला मात्रै सम्पन्न भयो तर, रोजगारदाताले प्रतिवद्धता जनाएअनुसारको युवालाई रोजगारी दिए/नदिएको बिषयमा मन्त्रालयले निरन्तर जानकारी लिनेछ,' उनले भने । रोजगारीका लागि आवेदन दिने युवाले पनि रोजगारी पाए/नपाएको मन्त्रालयले जानकारी लिनेछ ।

मन्त्रालयले गत जेठ १७ गतेदेखि ३० गतेसम्म सातवटै प्रदेशमा श्रमाधान रोजगार मेलाको आयोजना गरेको थियो । मेलामा सीप विकास कार्यशाला, नेटवर्किङ सत्र, स्टलहरु र रोजगारीका अवसरका प्यानल छलफल सञ्चालन गरिएको थियो । जसमा १७६ भन्दा बढी विज्ञहरुले वक्ताको रुपमा सहभागिता जनाएका थिए ।

रोजगारी सृजना, योगदानमा आधारित सामाजिक सुरक्षा, श्रम आप्रवासन, व्यवसायिक सीप विकास, उद्यमशीलता विकास र यस क्षेत्रका समस्या, चुनौती तथा आगामी कार्यदिशाका सम्बन्धमा छलफल चलाइएको थियो ।

# नगरमै जंगली च्याउ खाएर बिरामी पर्न थाले



साझाकुरा संवाददाता

हेटौंडा, १६ असार/ हेटौंडा उपमहानगरपालिका-१९ बसामाडीमा जंगली सल्ले च्याउ खाँदा एकै परिवारका ५ जना विरामी भएका छन् ।

जंगलबाट ल्याएको सल्ले च्याउ खाँदा हेटौंडा-१९ बसामाडी बस्ने वर्ष ३६ को श्यामबहादुर बल, वर्ष १६ की अनिता बल, वर्ष ११ को रेमन बल, वर्ष ७३ की फूलमाया र वर्ष ३४ को तुलबहादुर मोक्तान विरामी भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ ।

उनीहरुको हेटौंडा अस्पतालमा उपचार गरिएको प्रहरीले जनाएको छ । जिल्लामा पछिल्लो एक महिनाभित्र जंगलबाट ल्याएको च्याउ सेवन गरेर तीन जनाको मृत्यु भइसकेको छ भने २४ जना बिरामी भएका छन् ।

# हेटौंडा अस्पतालको सूचना माग्दै रास्वपाको पत्राचार

साझाकुरा संवाददाता

हेटौंडा, १६ असार/ हेटौंडा अस्पतालमा आर्थिक अनियमिता भएको भन्दै राष्ट्रिय स्वतन्त्र पार्टी मकवानपुरका नेता तथा कार्यायकर्ताले सूचना माग गरेका छन् । रास्वपा हेटौंडा नगर संगठन विभागप्रमुख विशालराज महतको टोली सामूहिकरुपमा सूचना माग गरेका हुन् ।

मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानको मतहतमा सञ्चालित हेटौंडा अस्पतालबाट कोभिडको समयमा क्वारेन्टाईन सञ्चालनदेखि अस्पतालमा जडान गरिएको उपकरणको खरिदमा भएको खर्चको विवरण लगायत १० वटा विषयमा सूचना माग गरिएको रास्वपा हेटौंडा नगर संगठन विभागप्रमुख महतले जानकारी दिए ।

विनाटेण्डर कोभिड-१९ संक्रमणको अवधिमा क्वारेन्टाइन सञ्चालन, अस्पतालको पुराना संरचना भत्काएको, उपकरण खरिदमा अनियमिता, कर्मचारी तथा स्वास्थ्यकर्मीको खाना/आवास व्यवस्थापन गरिएको र अस्पतालको वेरुजु रकम समेत बढ्दै गाएको गुनासो आएकोले सूचना माग गरिएको संगठन विभाग प्रमुख महतले बताए ।

नेपालको संविधान को धारा २७ तथा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ र ७ अनुसार अस्पतालको सूचना अधिकारी राजीव झालाई सूचना मागपत्र बुझाएको महतले बताए ।

बिषयगत रुपमा माग गरिएको सूचना उपलब्ध गराउन सहजिकरण गरिदिन मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानका रजिष्टार तथा हेटौंडा अस्पताल विकास समितिका अध्यक्ष राजेश प्रसाईलाई समेत पत्र बुझाइएको महतले बताएका छन् ।


माया, फूल, दया, क्षमा र ममता सन्तोष जान्दैन त्यो, इन्द्रे बिन्ती गरुन् झुकेर पदमा त्यो बिन्ती मान्दैन त्यो
शुभ्रोमा उधिनी मिठो र नमिठो छुट्याई खाँदैन त्यो, आयो टाप टिप्यो लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो ।

भावपूर्ण श्रद्धाञ्जली



जन्म:
वि.सं. २०४० साउन १५

स्वर्गारोहण:
वि.सं. २०८१ असार ५

स्व. दिल बहादुर चौलागाई

हेटौंडा खानेपानी व्यवस्थापन बोर्डमा कार्यालय सहयोगी पदमा कार्यरत कर्मचारी हेटौंडा-७, नागस्वती निवासी **दिल बहादुर चौलागाई**को मिति २०८१ असार ५ गते अल्पायुमै असामयिक निधन भएकोमा हामी स्तब्ध भएका छौं । यस दुखद् घडीमा दिवङ्गत आत्माको चीरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजन प्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

हेटौंडा खानेपानी व्यवस्थापन बोर्ड परिवार
हेटौंडा-२, मकवानपुर


# किसानले पाउन थाले प्रतिगोटा अन्डाको साढे १६ रुपैयाँ



चितवन, १६ असार/ चितवनका किसानले पाँच वर्षपछि अन्डाको लागत मूल्य पाएका छन् । पछिल्लो पाँच वर्षयता लागत मूल्य कायम नहुँदा किसानले घाटा बेहोर्नु परेको थियो ।

किसानको समस्या समाधानका लागि विज्ञ समूह बनाएर अन्डाको वास्तविक लागत मूल्य खोजी गरिएको थियो । उक्त समूहले अन्डाको लागत १६ रुपैयाँ ५६ पैसा लागत मूल्य निकालेको थियो । गत हप्तादेखि किसानले प्रतिक्रेट (३० वटाको) ठूलो चार सय ९५ र मध्यम चार सय ७० रुपैयाँ पाउन थालेका छन् ।

नेपाल लेयर्स कुखुरा पालक संघका अध्यक्ष विनोद पोखरेलले किसानले पाँच वर्षपछि लागत मूल्य पाएको बताए ।

'२०७६ सालमा किसानले लागत मूल्य हाराहारी पाएका थिए । त्यतिबेला अन्डाको मूल्य प्रतिक्रेट चार सय पाँच रुपैयाँ पुगेको थियो,' उनले भने । त्यसपछिका दिनमा कोरोना महामारी, बर्डफ्लूलगायतका कारण किसानले लागत मूल्य पाउन नसकेको उनको भनाइ छ ।

२०७९ असोजमा देशभरका लेयर्स कुखुरा पालक किसान भेला भएर संघ गठन गरी बजारीकरण अभियान सुरु गरिएको थियो । त्यतिबेला अन्डाको मूल्य प्रतिक्रेट दुई सय ३० रुपैयाँ थियो । उक्त मूल्यमा अन्डा बिक्री गर्दा धेरै किसानले घाटा बेहोरेका थिए ।

उनका अनुसार ७५ प्रतिशत लेयर्स कुखुरा पालक किसानले पेसा नै छाडेको अवस्था थियो । उनले भने, 'हामी संगठित रुपमा नलागेको भए अहिले दैनिक करोडौंको अन्डा बाहिरबाट ल्याउनुपर्ने बाध्यता हुन्थ्यो ।'

नेपाल कुखुरा व्यवसायी मञ्चका निवर्तमान अध्यक्ष राजेन्द्र लामिछाने लामो समयपछि किसानले लागत मूल्य पाएको बताए । पछिल्लो समय किसानले व्यावसायिक रुपमा ठूलो संख्यामा कुखुरा पालन गरेकाले माग धानिरहेको उनको भनाइ छ ।

अहिले ५० लाख लेयर्स कुखुरा रहेको र दैनिक २५ लाखभन्दा बढी अन्डा उत्पादन भइरहेको उनले जानकारी दिए । कुनै समय ६० लाख कुखुरा पुगेका थिए । किसान नै पेसाबाट बिमुख भएकाले कुखुराको संख्या घटेको उनले बताए ।

चितवन उद्योग संघका निवर्तमान अध्यक्ष त्रिलोचन कँडेल किसान संगठित भई प्रधानमन्त्री, मन्त्री, सचिवलगायतका सरोकारवालाको ध्यानाकर्षण गराएका कारण अन्डाको अवैध आयात घटेको बताउँछन् । साथै पछिल्लो समय ऋणको ब्याजदर घट्दा पनि किसानलाई राहत पुगेको हो ।

उनले भने, 'हाम्रो दुई वर्षको अथक प्रयासपछि किसानमा आशा पलाएको छ । पेसा व्यवसाय छोड्छु भनेकाहरूले समेत ऋण गरेर पुन: व्यवसायमा फर्किने तयारीमा छन् ।'

*(स्रोत: अनलाइनखबर)*

# मानवसेवा आश्रमलाई एनएमबी बैंकको सहयोग

साझाकुरा संवाददाता

हेटौंडा, १६ असार/ एनएमबी बैंक लिमिटेडको हेटौंडा शाखाले मानवसेवा आश्रमलाई औषधि तथा औषधिजन्य सामग्री सहयोग गरेको छ ।

बैंकले सामाजिक उत्तर दायित्वअन्तर्गत आइतबार हेटौंडा-९ स्थित आश्रममा पुगेर ५ लाख रुपैयाँ बराबरको सहयोग सामग्री हस्तान्तरण गरेको हो ।

मानसिक स्वास्थ्यसँग सम्बन्धित औषधिसँगै आश्रममा आश्रितलाई आवश्यक औषधि तथा डाइपरहरु सहयोग गरिएको हो । बैंकका अधिकारीहरु आश्रममा पुगेर आश्रमको अवस्था बुझेपछि आवश्यकताअनुसार सहयोग हस्तान्तरण गरेको बताइएको छ ।

बैंकका बागमती प्रदेश कार्यालयका प्रबन्धक अनन्त कार्की, हेटौंडा शाखाप्रबन्धक विवेक अधिकारीले मानवसेवा आश्रमका अध्यक्ष रामजी अधिकारीलाई सहयोग सामग्री हस्तान्तरण गरेका हुन् । मानवसेवा आश्रममा अहिले २५ जना बालबालिकासहित २ सयजना आश्रित छन् ।

आश्रितमध्ये एकसय १११ जना मानसिकरुपमा अस्वस्थ रहेको मानवसेवा आश्रमका अध्यक्ष अधिकारीले जानकारी दिए ।

# ११ महिनामा लागूऔषध ओसार पसार गर्ने २३९ जना पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, १६ असार/ जिल्ला प्रहरी कार्यालय मकवानपुरले चालु आर्थिक वर्ष २०८०/८१ को ११ महिनामा लागूऔषध ओसारपसार गरेको आरोपमा २ सय ३९ जनालाई पक्राउ गरेको छ ।

प्रहरीले चालु आवको साउनदेखि जेठ महिनासम्ममा लागूऔषध ओसारपसार गरेको आरोपमा १९ महिलासहित २ सय ३९ जनालाई पक्राउ गरेर मुद्दा दायर गरेको जनाएको छ । मकवानपुर प्रहरीले यो अवधिमा ३ हजार ४ सय ६२ केजी लागूऔषध गाँजा बरामद गरेको छ ।

यसैगरी, यो समयमा लागूऔषध १३ केजी अफिम, ७८ ग्राम लागूऔषध खैरोहिरोइन र १ सय ५ केजी लागूऔषध चरेश बरामद गरेको जनाइएको छ ।

पछिल्लो वर्षमा लागूऔषध ओसारपसारको गति बढेको बताइएको छ । प्रहरीको सुराकी र प्रबिधिको प्रयोगले लागूऔषध ओसारपसार र कारबार गर्नेलाई पक्राउ गर्न प्रहरी सफल भएको बताइएको छ ।


सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३


## मकवानपुर जिल्ला दुग्ध उत्पादक सहकारी संघ लि.

हेटौंडा-१, मकवानपुर
फोन नं.:- ०५७-५२३६६१ ईमेल :-dmpcuhtd@gmail.com

### कर्मचारी आवश्यकता

*चौथो पटक विज्ञापन प्रकाशित मिति:२०८१/०३/१७ गते*

उपरोक्त सम्बन्धमा यस संघको कर्मचारी पदपुर्ति उप-समितिको मिति २०८१ आषाढ १४ गते बसेको बैठकको निर्णय अनुसार यस संघमा रिक्त रहेको तपसिल अनुसारको पदमा पदपुर्ति गर्नुपर्ने भएकाले यो विज्ञापन प्रकाशित गरिएको छ ।

**तपशिल** :

१) विज्ञापन नं. : १/०८०/०८१
२) पद: सहायक प्रबन्धक ।
३) समुह : प्रशासन ।
४) आवश्यक संख्या : १ जना ।
५) उमेर : २१ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।
६) शैक्षिक योग्यता : स्नातकोत्तर तह उत्तीर्ण
७) अनुभव : व्यवस्थापन क्षेत्रमा न्युनतम २ वर्षको कार्य अनुभव भएको ।
७) अन्य योग्यता: सफ्टवेयर चलाउन जान्ने, कम्प्युटर डिप्लोमा गरेको, दुई पाङग्रे सवारी चालक अनुमतिपत्र प्राप्त ।
८) आवश्यक कागजातहरु: नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि, बायोडाटा, शैक्षिक तथा चारित्रिक प्रमाणपत्रहरुको प्रतिलिपि, अनुभव तथा सहकारी सम्बन्धी तालिम लिएको भए सो को प्रमाणपत्रको प्रतिलिपि एक थान, २ प्रति पासपोर्ट साईजको फोटो
९) दर्ता शुल्क : रु.१,५००।- ( रु.एक हजार पाँच सयमात्र) फिर्ता नहुने गरी ।
१०) दरखास्त दिने अन्तिम मिति : २०८१/०३/३१ गते बेलुका ५ बजेसम्म ।
११) रित नपुगी प्राप्त आबेदनलाई परीक्षामा सम्मिलित गराईने छैन ।
१२) परीक्षाको किसिम : लिखित, प्रयोगात्मक तथा अन्तरवार्ता ।
१३) तलब तथा अन्य सुविधा : संघको नियमानुसार ।
१४) लिखित र प्रयोगात्मक परीक्षा : सम्पर्क मितिमा जानकारी गराईनेछ ।
१५) सम्पर्क मिति : २०८१/०४/०३ गते कार्यालय समयमा ।

आवेदन स्वीकृत/अस्वीकृत गर्ने तथा विज्ञापन रद्द गर्ने, नगर्ने सम्पूर्ण अधिकार यस संघमा निहित रहनेछ ।

**पदपुर्ति उपसमिति**


*"हाम्रो आधुनिक राम्रो आधुनिक, राम्रो आधुनिक हाम्रो आधुनिक"*
*"गुणस्तरीय शिक्षा, हाम्रो प्रतिबद्धता"*

## श्री आधुनिक राष्ट्रिय माध्यमिक विद्यालय

हेटौंडा-४, मकवानपुर

**भर्ना खुल्यो ! भर्ना खुल्यो ! भर्ना खुल्यो !**

शैक्षिक सत्र २०८१/०८२ को लागि कक्षा ११ मा
(+2 science) मा नयाँ भर्ना खुल्यो

हामीलाई विश्वास गर्नुहोस्, तपाईंको सक्षमताको ढोका हामी खोल्छौं ।

**अध्यापन हुने विषयहरू**

**विज्ञान संकायतर्फ**
क. भौतिक विज्ञान (Physics)
ख. रसायन विज्ञान (Chemistry)
ग. जिव विज्ञान (Biology)
घ. कम्प्युटर विज्ञान (Computer)

**शिक्षाशास्त्र तर्फ**
क. अंग्रेजी (English)
ख. नेपाली (Nepali)
ग. गणित (Math)

**व्यवस्थापन तर्फ**
क. विजनेस स्टडिज (Business studies)
ख. अर्थशास्त्र (Economics)
ग. गणित (Basic Math)

**प्राविधिक तर्फ**
क. कम्प्युटर सफ्टवेयर

**हाम्रो विशेषताहरू:**

- ब्रिटिस काउन्सिलद्वारा अन्तर्राष्ट्रिय मान्यता प्राप्त ISA 2020/2023 द्वारा सम्मानित मकवानपुरको पहिलो र एक मात्र विद्यालय
- पूर्ण मल्टिमिडियाको प्रयोग
- व्यवस्थित तथा उत्कृष्ट विज्ञान प्रयोगशालाको व्यवस्था
- विद्यार्थीको व्यक्तिगत पहिचान सहित तयारी
- कमजोरी विद्यार्थीलाई अतिरिक्त कक्षाको प्रबन्ध
- न्युनतम लागतमा अधिकत्तम सन्तुष्टि
- समाय समयमा अतिरिक्त क्रियाक्लाप संचालन हुने
- विभिन्न अन्तर्राष्ट्रिय प्रोजेक्ट माध्यमद्वारा (भारत, जापान, मलेसिया, बेलायत, इजिप्ट पेलिष्टाइनका विभिन्न विद्यालयहरुसँग) शिक्षण सिकाई क्रियाकलाप गरिरहेको
- गरिब तथा जेहनदार विद्यार्थीहरुलाई छात्रवृत्तिको व्यवस्था

मो सगिम (समिन खान) — अध्यक्ष — ९८११८८२२८६
श्री रामसागर गुरागाई — प्रधानाध्यापक — ९८५५०६०९३३
श्री राजाराम पोखरेल — ९८४५४८३१८८
श्री संतिश आचार्य — ९८४५०३०७८७
श्री आधुनिक राष्ट्रिय मा.वि. — ०५७-५२०७६६


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना